सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी

१ नम्बर प्रदेश, नेपाल

प. स. :-२०७६/०७७ राजश्व

च. नं. :

## शिलबन्दी बोलपत्र आह्वानको सुचना

## प्रथम पटक प्रकाशित सुचना मिति : २०७७/०२/२८

यस दुहबी नगरपालिका अर्न्तगत तपसिल बमोजिमका आ.व. २०७७/०७८ को लागि मिति २०७८ असाढ मसान्त सम्म को लागि शिलबन्दी बोलपत्र द्वारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक व्यक्ती, सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन प्रथम पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| सि.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक वार्षिक रु. |
|---|---|---|
| रा ठे नं १ | कवाडि कर तथा कानुनले निषेध गरे बाहेकका मृतक पशुका हाड सिंग खुर निकासि कर | ६५०००००। |
| रा.आ.ठे.नं. २ | साप्ताहिक मवेशी पशुचौपाया खरिद बिक्री हाटकर दुहवी ४ | ३३०००००।०० |
| रा.आ.ठे.नं. ३ | साप्ताहिक मंगलबारे/खसि/सुंगुरकाटी मासुविक्री पसल हाट कर दुहवी ५र ६ | ११०५०००।०० |
| रा.आ.ठे.नं. ४ | जिउदो खशिबाखा हाटकर, दुहवी ४ | १२६१५००।०० |
| रा.आ.ठे.नं. ५ | दैनिक गुदरी हाटकर दुहवी ५ र ६ | ४,१५०००।०० |
| रा.आ.ठे.नं. ६ | मवेशी हाट पसल कर दुहवी ४ | २५६००।०० |
| रा.आ.ठे.नं. ७ | भलुवा फर्साही हाटकर दुहवी ७ | ४१,०००।०० |
| रा.आ.ठे.नं. ८ | विहिबारे साप्ताहिक हाट कर दुहवी ८ | २,२५,०००।०० |
| रा.आ.ठे.नं. ९ | आईतबारे साप्ताहिक हाटकर दुहवी न.पा. ८ | ४००००।०० |
| रा.आ.ठे.नं. १० | पोखरी ठेक्का दुहवी न.पा. ९ (२ वर्ष) | २२,०००।०० |
| रा.आ.ठे.नं. ११ | बुधबारे,आईतवारे नहरचौकमा लागने सनिवारे मंगलबारे हाटकर दुहवी न.पा. १० | २,७३,१००।०० |
| रा.आ.ठे.नं. १२ | वडा नं १२ मा लाग्ने सम्पुण हाटकर (पुर्व कुशाहा चौक सितापुर चौक बजरंगबली चौक र बुग्डहरी चौक) | ५१,०००।०० |
| रा.आ.ठे.नं. १३ | मधुधामी माछा पोखरी अन्दाजी ०-३-० जग्गाको पोखरी, दुहवी न.पा. १२ (२ वर्ष) | ४०,०००।०० |
| रा.आ.ठे.नं. १४ | शुक्रबारे हाटकर दुहवी न.पा. वडा नं. ११ | २१,१००।०० |
| रा.आ.ठे.नं. १५ | विज्ञापन ठेक्का कर | ५,५५,०००।०० |
| रा.आ.ठे.नं. १६ | बुधबारे हाटकर दुहवी न.पा. वडा नं. ८ | १,४५७,००।०० |
| रा.आ.ठे.नं. १७ | रंगशालाको घांस ठेक्का वडा नं. ४ | २,०००।०० |
| रा.आ.ठे.नं. १८ | भैसि डिला हाट कर दुहवी वडा नं. ८ | १,३२०००।०० |

शर्तहरु :-

१. शिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% र गैर नेपाली नागरीक भए १०% धरौटी वापत रकम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालयको रा.वा.बैंक ईनरुवामा रहेको धरौटी खाता नं.(२२२०३०३००७१०३) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तिमा ९० दिन सम्म म्याद भएको बैंक जमानतको सक्कल प्रति संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र साथ बोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ ।फर्मको हकमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र मु. अ. कर मा दर्ता भएको प्रमाण पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर :ठेक्का नं.१ र २ का लागि रु.३०००/र ठेक्का नं.३ देखि ठेक्का नं. १८ सम्म सम्मको लागि रु. १०००/(फिर्ता नहुने गरी) बोलपत्र फारम दुहबी न.पा.नगर कार्यपालिकाको कार्यालयको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति प्रथम पटक सुचना जारी भएको ३० औं दिन (२०७७/०३/२४), गते सम्म शिलबन्दी बोलपत्र दर्ता मिति २०७७/०३/२५ गते १२:०० बजे सम्म हुने छ।रा. ठे. नं. ३ देखि १८ सम्मको ठेक्काको हकमा मिति २०७७।०३। १० गते सम्म खरिद गर्ने र मिति २०७७।०३।११ गते १२:००बजे सम्म दुहबी नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७६/०३/११ गते दिनको ०२:०० बजे र मिति २०७७।०३ २६ गते १२.०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. कबोल गरेको अंक लाई ३(तिन) किस्तामा बिभाजन गरिने छ ।यसरी कायम भएको ३(तिन) किस्ताको पहिलो किस्ता नगद र बांकि किस्ताको हकमा मिति २०७८साल भाद्र मसान्त सम्म कायम रहेको नेपाल राष्ट्रबैंक बाट प्राप्त क बर्गको बैंक बाट जारी गरीएको बैंक ग्यारेण्टि पेशगर्नु पर्ने छ। यदि एकमुष्ठ रुपमा सम्फौताकै बखत सम्पुर्ण रकम बुझाउन चाहेमा उक्त कबोल अंकको १० प्रतिशतले छुट दिन सकिने छ ।

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलप्रत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

९. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

१०. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५- ५४००२४ मा सर्म्पक राख्न सकिनेछ ।

११. बार्षिक ठेक्का रकम बाँकी अवधीको लागि स्वीकृत भएको दिन देखि दामासाहीले लागु हुनेछ ।

१२ : बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता हुने तथा खोलिने छ ।

१३ प्रचलित कानुन बिपरित हुने कुनै काम गरेमा जुन सुकै बखत पनि ठेक्का तोडि अन्य बैकल्पिक ब्यबस्था गरिने छ। यसरी ठेक्का तोडि अन्य ब्यबस्था गर्दा पर्ने थप व्यभार वा क्षति ठेकेदार स्यंमले ब्यहोर्नु पर्नै छ।

१४ तोकिएको स्थान बाहेक अन्य स्थान बाट कर दस्तुर उठाउन पाईने छैन।

१५ कर संकलन कार्य गर्दा कुनै ब्यबधान वा समस्या परेमा दुई पक्ष बिच आपसी छलफल गरि समधान गरिने छ।त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुने छ।

१६ एक फर्मको नाममा खरिद गरेको बोलपत्र फारम अर्को फर्मको नाम बाट दालिा गर्न पाईने छैन ।

१७ यस सुचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ।